नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ती

मिति २०७५/११/१५ गते ताप्लेजुङ जिल्लामा भएको हेलिकोप्टर दुर्घटनामा परी नेपाल सरकारका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रविन्द्र प्रसाद अधिकारी लगायत ७ जनाको दुःखद निधन भएकोमा गृह मन्त्रालय अत्यन्त गहिरो दुःख र शोक व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछ । यस दुःखद घडीमा नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७५/११/१५ गतेको बैठकले मिति २०७५/११/१६ गते बिहीवारका दिनलाई राष्ट्रिय शोकको दिन घोषणा गरेको र सो दिन स्वदेशस्थित सम्पूर्ण सरकारी एवं सार्वजनिक कार्यालयहरु, शैक्षिक संस्थाहरु र विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरुमा सार्वजनिक विदा दिइनुका साथै सबै सरकारी कार्यालयहरुमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

मितिः २०७५/११/१५

माहादेव पन्थ

सहसचिव